**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**मध्य वानेश्वर, काठमाडौं, नेपाल**

**फोन : +९७७-१-४५९८०१३/१४**

**वेबसाइट www.aepc.gov.np**


# सौर्य सिंचाइ प्रणाली जडानका लागि आवेदन आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८१ साउन ११, आवेदन बुझाउने अन्तिम मिति: २०८१ भदौ १२ (कार्यालय समय भित्र)**

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र तथा जर्मन सहयोग नियोग अन्तर्गत KFW को आर्थिक सहयोगमा यस केन्द्रद्धारा सञ्चालित आयोजना "Promotion of Solar Energy in Rural and Semi-urban Regions of Nepal" अन्तर्गत सौर्य सिंचाइ प्रणाली (सोलार पम्पिङ्ग सिस्टम) जडानका लागि आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र स | कार्यक्रमको विवरण | आवेदन पेश गर्ने | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | सामुदायिक सिंचाइको लागि सौर्य पम्प जडान | १. पानीको श्रोत कुनै पनि माध्यमवाट विद्युत वितरण सेवा उपलव्ध स्थानबाट ३०० मिटर भन्दा टाढा रहेको सम्वन्धित पालिकाबाट सिफारिस।<br>२. कूल लागतको ४० प्रतिशत रकमको प्रतिवद्धता सम्वन्धित पालिकाबाट उल्लेख हुनुपर्ने। | १. उपभोक्ता समितिले गरेको निर्णयको प्रतिलिपी (वैठक माइनुट)।<br>२. लाभान्वित कृषकहरुको नाम र जग्गाको क्षेत्रफल उल्लेख गरिएको पत्र।<br>३. कृषकहरुको नागरिकताको छायाँप्रति।<br>४. जग्गा भाडामा लिएको भए जग्गाको भोगाधिकार खुल्ने स्थानीय तहले सिफारीस गरेको सम्झौताको छायाँप्रति।<br>५. सम्वन्धित स्थानीय तहको सिफारीश। |

माथि उल्लेखित सौर्य ऊर्जामा आधारित सामुदायिक सिंचाइ प्रणाली जडान गर्न इच्छुक उपभोक्ता समिति वा समुदायबाट आवश्यक कागजातहरु संलग्न गरी यस केन्द्रले तयार पारेको माग फारममा उल्लेखित विवरण सहित सम्वन्धित पालिकाले यस केन्द्रको कार्यालय अथवा इमेल ठेगाना sipmedium2081@gmail.com मा आवेदन पेश गर्नुपर्नेछ। तोकिएको आवश्यक न्यूनतम योग्यता र माग फारम केन्द्रको माथि उल्लेखित ठेगाना वा केन्द्रको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ। उक्त कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७९ (यस केन्द्रको वेबसाइटमा उपलब्ध) बमोजिम कार्यान्वयन गरिनेछ।